# प्रेस विज्ञप्ती

मानननीय अर्थमन्त्री डा. रामशरण महतज्यूले राजस्व चुहावट नियन्त्रण गर्न सबैले प्रभावकारी कदम चाल्न अर्थमन्त्रालयमा आज मिति २०६४।९।४ गते आयोजित मन्त्रालय स्तरीय मासिक प्रगति समीक्षा बैठकमा मातहतका उच्च पदाधिकारीहरुलाई निर्देशन दिनु भयो । उक्त बैठकमा मा.मन्त्रीज्यूले निकट भविष्यमा सरकारमाथि आर्थिक दायित्व अझ बढ्न सक्ने स्थिति तर्फ इंगित गर्नुहुदै चालु खर्चतर्फ नियन्त्रण गर्दै स्रोत बढाउनेतिर भरमग्दुर प्रयास गर्न समेत निर्देशन दिनुभयो ।

सोही अवसरमा नेपाल राष्ट्र बैंकका का.मु. गभर्नर कृष्णवहादुर मानन्धरले मुलुकमा आर्थिक तरलता बढ्दै गएको, पूंजी पलायनको समस्या देखिंदै आएको, विप्रेषण घट्दै आएको, भुक्तानी सन्तुलन राम्रो नभएकोले समष्टिगत आर्थिक स्थितिमा असर पर्दै गएकोतर्फ औंल्याउनु भयो ।

वरिष्ठ आर्थिक सल्लाहकार टुलराज वस्यालले अहिले stagflation ले अर्थतन्त्रमा प्रभाव वढाउदै गएकोले घाटा बजेटलाई तोकिएको परिधिभित्र अनिवार्य रुपमा राख्नु पर्ने र वित्तिय अनुशासन कायम राख्नु पर्ने तर्फ जोड दिनु भयो ।

उक्त वैठकमा अर्थ सचिव विद्याधर मल्लिकले सवै महाशाखाले समयद्ध कार्य प्रणाली वनाई राजस्व वढाउने तर्फ विशेष अभियानको रुपमा कार्य गर्न सवै महाशाखा प्रमुख र विभागिय प्रमुखहरुलाई निर्देशन दिनुभयो ।

राजस्व सचिव रामेश्वर खनालले भविष्यमा अझ वढ्नसक्ने सरकारी खर्च र भुक्तानी दायित्वलाई मध्यनजर राख्दै यस वर्ष अझ वढी सवेदनशिल भै कार्य गर्न निर्देशन दिनु भयो ।

उक्त बैठकमा महाशाखा प्रमुख तथा विभागिय प्रमुखहरुले आ-आफनो महाशाखा र विभागहरुको कार्तिक महिनासम्मको प्रगति विवरण र कार्यक्रम कार्यान्वयनका सम्वन्धमा सामना गर्नु परेका समस्याहरुका वारे जानकारी गराउनु भयो ।

अर्थ मन्त्रालय,
४ पौष, २०६४

(रण वहादुर श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता